annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १३, पृष्ठ ८ | काठमाडौं, बुधबार ३० वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४६ | WEDNESDAY, MAY 13, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०



आवरण समाचार

## दियौं वाचा, लियौं भोट
## बिर्सियौं वाचा, दियौं डोजरे चोट

समाचार पृष्ठ २

वैशाख-जेठको चर्को घामलेभन्दा देशभरका सुकुम्बासीको मन भत्भती पोलेको छ- डोजर आतंकले। किनभने, कुन बेला आफ्नो छाप्रोमा डोजर चल्ने हो र ? कति बेला सडकमा पुगिने हो ? ठेगान नै छैन। सरकारी तथा ऐलानी जग्गा खाली गराउने सरकारी निर्णयले देशभरका लाखौं भूमिहीन परिवार त्रसित छन्।

**राजकरण महतो** | *बर्दिबास*

## अर्घाखाँची बस दुर्घटनामा ४ को मृत्यु, २७ जना घाइते

**प्रेमनारायण आचार्य** | *अर्घाखाँची*

अर्घाखाँचीको पाणिनी गाउँपालिकाको दुर्गाफाँट कुरुलेमा भएको बस दुर्घटनामा ४ जनाको मृत्यु भएको छ। २७ जना घाइते भएका छन्। सन्धिखर्क-घुम्ती-तानसेन सडकखण्डअन्तर्गत पाणिनी-८ को कुरुलेफाँटनजिक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी दिवसबहादुर जिसीका अनुसार एक जनाको उपचारका क्रममा अर्घाखाँची अस्पतालमा र चालकको लुम्बिनी मेडिकल कलेज प्रभास, पाल्पामा मृत्यु भएको छ।

घटनामा मृत्यु हुनेहरूमा कास्की पोखरा महानगरपालिका-१९ बस्ने वर्ष ७८ की राममाया बस्नेत, वर्ष ७८ की विन्दु कुँवर, पर्वत जिल्लाको मोदी गाउँपालिका-५ की वर्ष ५० की कौशिला रेग्मी र सोही ठाउँका बस चालक वर्ष ४५ का रमेश जिसी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी झलक शर्माले जानकारी दिए।

घाइतेमध्ये ४ जनाको अवस्था गम्भीर छ। घाइतेहरूको लुम्बिनी मेडिकल कलेज प्रभास, पाल्पा र भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको छ। अर्घाखाँची अस्पतालमा रहेका घाइतेहरूलाई पनि थप उपचारका लागि भैरहवा मेडिकल कलेज पठाइएको छ।

घटनामा अधिकांश मोदी गाउँपालिका, पर्वतका बासिन्दा परेको प्रहरीको भनाइ छ। सुपा देउराली दर्शन गरी पर्वत फर्किँदै गरेको ध १ ख ५०४ नम्बरको बस दुर्घटना भएको डीएसपी जिसीले जानकारी दिए। प्रारम्भिक जानकारीअनुसार गाडीको ब्रेक फेल भएर दुर्घटना भएको र बस सडकबाट जंगलमा करिब १०० मिटर तल खसेको छ। डीएसपी जिसीको कमान्डमा खटिएको प्रहरी टोली र स्थानीयले उद्धार गरेका थिए।

दुर्घटनामा पर्वत मोदी गाउँपालिका-५ बस्ने वर्ष ३५ की उमा पौडेल, वर्ष ४९ का विष्णु केसी, वर्ष ४६ की दीपा पौडेल, वर्ष ६९ का देवबहादुर अखेल, वर्ष ७० की मीना कुँवर, वर्ष ६२ का लीलाबहादुर कुँवर, वर्ष ७५ का ताराबहादुर रेग्मी, वर्ष २१ का प्रदीप पौडेल र वर्ष ५९ का दुर्गाबहादुर पौडेल घाइते भएका छन्।

त्यसैगरी वर्ष १७ का विश्वास पौडेल, वर्ष ५३ की हेमा कुँवर, वर्ष ५९ की बाटुल पौडेल, वर्ष ५० की उजेलीकुमारी क्षेत्री, वर्ष ३० का सन्तोष क्षेत्री, वर्ष ७८ का पदमबहादुर कुँवर, वर्ष १७ का रोहित कुँवर, वर्ष ७५ की देवी कुँवर, वर्ष ३२ की हरिमाया कुँवर, वर्ष ६८ का लालबहादुर रेग्मी, वर्ष ८ का सम्राट कुँवर, वर्ष ३१ की दीपा सुवेदी, १७ महिनाकी सम्राज्ञी कुँवर, वर्ष २८ का सागर कुँवर, वर्ष ४२ की पवित्रा जिसी, वर्ष ४७ की पवित्राकुमारी पौडेल र वर्ष ५५ की सीता कुँवर घाइते भएको प्रहरीले जनाएको छ। पवित्रा चालककी श्रीमती हुन्।

## विपक्षीले भने- ‘संसद्मा प्रधानमन्त्री शोभनीय देखिएनन्’

प्रतिनिधिसभा बैठक

**अन्नपूर्ण** | *काठमाडौं*

नेपाली कांग्रेससहितका विपक्षी दलहरूले राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गरिहनुभएको समयमा प्रधानमन्त्री वालेन्द्र शाह बैठकबाट बाहिरिएको विषयमा तीव्र आलोचना गरेका छन्।

प्रतिनिधिसभाको मंगलबारको बैठकको प्रारम्भमै कांग्रेस प्रमुख सचेतक वासना थापाले प्रधानमन्त्री शोभनीय नदेखिएको भन्दै आपत्ति जनाइन्। ‘लोकतान्त्रिक संसदीय अभ्यासको इतिहासमा सायद विरलै देखिने दृश्य हिजो हामीले देख्यौं। राष्ट्रपतिज्यूबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्रीज्यू सदनबाट बाहिरिनु सामान्य दृश्य होइन,’ उनले भनिन्। थापाले संवैधानिक पदको सम्मान गर्न र संसदीय परम्परालाई कमजोर नबनाउन आग्रह गरिन्। थापाले उक्त घटना लोकतान्त्रिक संसदीय अभ्यास,संवैधानिक संस्कार र संसदीय परम्पराविपरीत भएको टिप्पणी गरिन्।







राष्ट्रपति पौडेलले सोमबार सदनमा आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका बेला प्रधानमन्त्री संसद्बाट बाहिरिएका थिए।

थापाले यस विषयमा सरकारले स्पष्ट जवाफ दिनुपर्ने मागसमेत गरिन्। ‘यो संवैधानिक संस्कार, संसदीय परम्परा र सरकारको गम्भीरताको विषय हो। सरकारले यसबारे स्पष्ट जवाफ दिओस्, संवैधानिक पदको सम्मान गरियोस् र भविष्यमा यस्ता घटना पुनः नदोहोरिऊन्,’ उनले भनिन्।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पनि आफ्नै सरकारको नीति कार्यक्रम संसद्मा पेस भइरहँदा प्रधानमन्त्री बाहिर निस्किएकोमा आपत्ति जनाए।

‘आफ्नै सरकारको नीति कार्यक्रम संसद्मा पेस भइरहँदा संसारको कुनै देशको प्रधानमन्त्री बिचैमा उठेर हिँडे ? भनेर गिनिज बुकमा अब हाम्रो देशको प्रधानमन्त्रीको नाम लेखिने भएको छ,’ उनको भनाइ थियो।

आङ्देम्बेले प्रधानमन्त्री अस्वस्थ भएर बाहिरिएको भए परीक्षण गर्न जरुरी रहेको बताए। ‘म सरकारलाई आग्रह गर्दछु, उहाँको स्वास्थ्यमा अचानक कुनै प्रतिकूल अवस्था बनेको हो भने, भएको के हो अविलम्ब स्वास्थ्य परीक्षण गरेर संसद्लाई जानकारी गराइयोस्,’ उनले भने, ‘हुनसक्छ, सत्ताको भारी अपेक्षा गरेभन्दा धेरै ठूलो भएर होला, हाम्रा युवा प्रधानमन्त्रीको मन स्थिर र शान्त नदेखिएको। खैर, जे होस्, प्रधानमन्त्रीले अहंकार र मर्यादाहीन व्यवहार प्रदर्शन गर्नु दुर्भाग्य हो।’

» बाँकी पृष्ठ ६

## ‘कामु प्रधानन्यायाधीशबाट दुईतिहाइलाई लल्कार्ने काम भयो’



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका उपनेता गणेश पराजुलीले कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले न्यायालयको मर्यादा जोगाउन नसकेको र सडकबाट दुईतिहाइको सरकारलाई लत्याउने काम भएको आरोप लगाए।

‘कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाअन्तर्गत न्यायपालिका जहिले पनि जनतालाई प्रोटेक्ट गर्ने छहारी हुन्छ। तर, न्याय सबैका लागि बराबर हुन्छ भन्ने मान्यतालाई नेपाली जनताले भुल्नुपर्ने अवस्था बनेको छ,’ उनले प्रतिनिधिसभामा मंगलबार भने, ‘आफ्नो दलबाट कोटामा न्यायाधीश बनाएर त्यसपछि स्वच्छ न्यायको परिकल्पना नेपाली जनताले गर्दिनु ? तत्कालीन संविधानसभा सदस्य आज एक्टिङ सीजे हुनुहुन्छ। सडकबाट दुईतिहाइको सरकारलाई लल्कारेको छ, कस्तो न्याय सम्पादनको परिकल्पना गर्नुभएको ?’

## श्रमिकको मेडिकल जाँच प्रतिवेदन मन्त्रालयबाटै गायब

**अजवी पौड्याल** | *काठमाडौं*

वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि मेडिकल जाँचका नाममा भइरहेको ठगी रोक्न तयार पारिएको प्रतिवेदन श्रम मन्त्रालयबाटै रहस्यमय गायब भएको छ। व्यवसायीहरूको ‘सिन्डिकेट’ र अनियमितताको फेहरिस्त समेटिएको फाइल मन्त्रालयबाटै हराउनुलाई कर्मचारी र मेडिकल माफियाबीचको मिलेमतो शंका गरिएको छ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको मेडिकल चेकजाँचको क्रममा व्यापक अनियमितता भइरहेको भन्दै श्रम मन्त्रालयले अनुगमन सुरु गरेको थियो। अघिल्लो सरकारका श्रममन्त्री राजेन्द्र सिंह भण्डारीको नेतृत्वमा वैदेशिक रोजगारीसँग सम्बन्धित स्वास्थ्य परीक्षण व्यवसायमा भइरहेको अनियमितता छानबिन गर्न १६ सदस्यीय विशेष ‘टास्कफोर्स’ गठन गरिएको थियो। अनुगमन टोलीमा श्रम मन्त्रालयका दुई उपसचिव, नेपाल प्रहरीका दुई डीएसपी र तीन जना इन्स्पेक्टरसहित विभिन्न निकायका अधिकारीहरू सहभागी थिए।

टास्कफोर्सले नेपाल स्वास्थ्य व्यवसायी महासंघअन्तर्गत सञ्चालित ३६ वटा मेडिकल संस्थामा छापा मार्दै कागजात, आर्थिक विवरण र विभिन्न प्रमाण संकलन गरेको थियो।समितिले प्रतिवेदन अहिले श्रम मन्त्रालयबाटै गायब भएको छ। श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले समितिले निवर्तमान श्रममन्त्री राजेन्द्र सिंह भण्डारीलाई प्रतिवेदन बुझाएको जानकारी दिए। ‘औपचारिक रूपमा प्रतिवेदन बुझाइएको भनिएको छ, तर मन्त्रालयमा यो फाइल भेटिएको छैन। हामीले खोजिरहेका छौं तर फेला परेको छैन,’ उनी भन्छन्, ‘मन्त्रालयमा आधिकारिक रूपमा दर्ता भएर नआएकाले प्रतिवेदनमा के-के छ भन्ने विषयमा खास जानकारी भएन। यद्यपि, केही मेडिकल व्यवसायी र संघ-संस्थामा अनियमितता भएको विषय पनि समेटिएको छ भन्ने सुनिएको छ।’


वैदेशिक रोजगारीमा जाने श्रमिकको मेडिकल चेकजाँच

प्रतिवेदन

> मन्त्रालयबाटै प्रतिवेदन गायब भएपछि केही प्रश्नहरू अनुत्तरित छन्: यो प्रतिवेदन आधिकारिक रूपमा दर्ता किन गरिएन् ? प्रमाणहरू कहाँ राखिए ? कसको संरक्षणमा फाइल गायब बनाइयो ?

मन्त्रालयबाटै अनुगमन प्रतिवेदन गायब भएपछि विभिन्न अड्कलबाजी सुरु भएका छन्। वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणका लागि उपत्यकामा २ सय १२ वटा स्वास्थ्य संस्थालाई सरकारी अनुमति छ। सीप सिकाउनका लागि १ सय ४३ वटा संघसंस्थालाई अनुमति दिइएको छ भने १ हजार ८२ वटा म्यानपावर व्यवसायी सक्रिय छन्। यी संघ-संस्थाहरू श्रम मन्त्रालयको ‘स्पेशल टास्कफोर्स’ को छड्के अनुगमनमा परेका थिए।

तत्कालीन श्रममन्त्री भण्डारीको निर्देशनमा म्यानपावर व्यवसायी, सीप सिकाउने संघ-संस्था र मेडिकल गर्ने स्वास्थ्य संस्थाहरूमा विशेष निगरानी सुरु गरिएको थियो। टास्कफोर्सको अनुगमनमा व्यापक बेथिति देखिएको थियो।

अनुगमनका क्रममा सरकारले तोकेको भन्दा चर्को शुल्क लिने, स्वास्थ्य परीक्षण नै नगरी शुल्क उठाउने, अनावश्यक धेरै थरी टेस्ट गर्न लगाउने, परीक्षण गर्नुपर्ने विषयको जाँचै नगरी रिपोर्ट मात्र दिने तथा मेडिकल व्यवसायीका गतिविधि शंकास्पद रहेको भेटिएको थियो। भण्डारीले भने टास्कफोर्सले तयार पारेको प्रतिवेदन आफूले आधिकारिक रूपमा नबुझेको बताए। उनी भन्छन्, ‘हामी चुनाव सम्पन्न गराउन बनेको मन्त्रिमण्डल हौं, त्यसैले विशेष ध्यान चुनावमै थियो। तर, आधिकारिक रूपमा प्रतिवेदन बुझ्ने समय भएन। चुनाव सकिएपछि चैत ८ गते उक्त समितिले प्रतिवेदनको एक प्रति मेरो कार्यकक्षमा ल्याएको थियो। त्यसलाई हेर्ने र कार्यान्वयन गर्ने समय नै भएन।’

भण्डारीले प्रतिवेदनको डिजिटल कपी हुन सक्ने भन्दै त्यसबाट कारबाही प्रक्रिया अगाडि बढाउन सकिने बताए। ‘प्रतिवेदन हरायो भनेर रुवाबासी गर्नुभन्दा त्यसको वर्ड फाइल त कम्प्युटरमा होला नि! साँच्चिकै कार्यान्वयन गर्ने हो भने उक्त फाइल फेरि प्रिन्ट गरेर हेरे भइहाल्छ नि,’ उनले भने। अनुगमनका क्रममा मेडिकल व्यवसायीहरूले ‘सिन्डिकेट’ लगाएर ठगी धन्दा चलाएको विवरण फेला परेको थियो। यो प्रतिवेदन कार्यान्वयनमा जान नपाउँदै गायब भएपछि प्रधानमन्त्री वालेन्द्र शाह तथा श्रममन्त्री रामजी यादवले समेत विशेष चासोका साथ हेरेका छन्। श्रम मन्त्रालयका कर्मचारीबीच भने ‘तैं चुप मै चुप’को वातावरण बनेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कारबाहीका लागि केन्द्रीय अनुसन्धान ब्युरोलाई पत्राचार गरिएको छ। सीआईबीका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार पत्राचार प्राप्त भएको छ र आवश्यक कागजातको खोजी भइरहेको छ। उनले भने, ‘हामीले प्रतिवेदन पनि मगाएका छौं। बाँकी विवरण अनुसन्धान सकिएपछि मात्र थाहा हुन्छ।’

करिब तीन महिनासम्म चलेको अनुसन्धानपछि टास्कफोर्सले महासंघका अध्यक्ष कैलाश खड्कालगायतका पदाधिकारीमाथि कारबाही गर्नुपर्ने स्पष्ट आधारसहित प्रतिवेदन तयार पारेको बताइएको छ। प्रतिवेदनमा अनुगमनका क्रममा जफत गरिएका कागजात तथा अन्य प्रमाणहरू समावेश छन्। श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले उक्त अनुसन्धान फाइल मन्त्रालयमा आधिकारिक रूपमा दर्ता नभएको पुनः दोहोर्‍याए।